Accountability Watch Committee (AWC)

# जवाफदेहिता निगरानी समिति

## प्रेस विज्ञप्ती

मितिः २०७६ पुष २७ गते

यही २०७६ पुष २४ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले द्वन्द्वपीडित समुदायलाई **वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१** संशोधनका लागि २०७६ पुष २८ गतेका दिन सातै प्रदेशमा बोलाईएको परामर्श बैठकप्रति जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

द्वन्दपीडित मार्फत सार्वजनिक भएको पुष २४ गतेको उक्तपत्रमा मन्त्रालयबाट संशोधन मस्यौदा प्रस्ताब भनी उल्लेख नभएको र ऐनको तेश्रो संशोधनमा सर्वोच्च अदालतले विभिन्न मितिमा दिएको आदेश तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सरकारबाट पीडित-मैत्री संशोधन विधेयक संसदमा प्रस्तावित हुनेमा निगरानी समिति गम्भीर आशंका प्रकट गर्दछ ।

सरोकारवालाहरुसँगको परामर्शबाट प्राप्त सुझाव, मानवअधिकार सम्बन्धी नेपालको अन्तर्राष्ट्रिय दायित्व, अन्तरिम संविधान, शान्ति सम्झौता तथा स्थापित मान्यताहरुका आधारमा ऐन संशोधन गर्न एवं आवश्यक कानुनहरुको निर्माण गर्न सर्वोच्च अदालतले २०७० पौष १८ गते 'पीडित, मानव अधिकार समुदाय एवं विषय विज्ञहरु सम्मिलित मस्यौदा कार्यदल गठन गर्न' जारी परमादेशको अवहेलना गरी औपचारिकता निर्वाह मात्र गर्न सातै प्रदेशमा एकै मिति र समयमा बोलाइएको ३ घण्टाको परामर्श बैठक अर्थहीन हुने निगरानी समितिको ठहर छ ।

२०६३ सालको युद्धविराम राष्ट्रिय अनुगमन देखि शान्ति प्रकृया अन्तर्गत थाँति रहेको संक्रमणकालीन न्यायमा निरन्तर कार्यरत मानव अधिकारवादी समुदाय र संघ-संस्थाहरुसँग विद्यमान प्रकृयामा परामर्श लिन आवश्यक नदेख्नु दूर्भाग्यपूर्ण मात्र नभएर यस प्रकृयालाई टुंगोमा पुऱ्याउन सरकार ईमान्दार र प्रतिबद्ध नभएको समेत निगरानी समितिको निष्कर्ष छ ।

साथै, यही पुष २४ गते 'नेपकाका अध्यक्षद्वय र प्रतिपक्ष नेताका राजनीतिक सहमतिकै आधारमा सत्य र वेपत्ता सम्बन्धी छानविन आयोगका पदाधिकारीहरुको नियुक्ति गरिने' सरकारी प्रवक्ताको भनाईबाट पनि यो परामर्श औपचारिकतामा मात्र सिमित हुने र राजनीतिक प्रभावमा परेको सिफारिस समिति औचित्यहीन भईसकेकाले यसलाई भंङ्ग गर्न पुनःमाग दाहोऱ्याउँदै ऐन संशोधनपछि मात्र विश्वश्नीय ढंगबाट प्रकृया अघि बढाउन सम्बन्धीत पक्षलाई अपिल गर्दछौं ।

यस परिस्थितिबाट संक्रमणकालीन न्यायमाथि थप जटिलता उत्पन्न हुने निश्चित देखिएकाले विद्यमान त्रुटीपूर्ण प्रकृया स्थगन गर्न, विश्वश्नीय कार्य योजनासहीत अघि बढ्न, सिफरिस समिति सदस्य राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षज्युको प्रतिनिधि फिर्ता हुन र हालको चरम राजनीतिक हस्तक्षेप तत्काल रोक्न सरकारसँग निगरानी समिति जोडदार माग गर्दछ ।

जवाफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसाई, संयोजक)

**Collective Initiatives for Accountability**